**अनुसूची - २**

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# भीरकोट राजपत्र

# भीरकोट नगरपालिकाद्धारा प्रकाशित

खण्ड १ संख्या ९ मितिः २०७५/०९/२४

**भाग-२**

**भीरकोट नगरपालिका**

## सवारी साधन राख्ने ठाउँ संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७५

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७५/०९/२४

**प्रस्तावनाः**

नगरपालिका भित्र रहेका सवारी साधनहरुको व्यवस्थित रुपमा व्यवस्थापन गरी नगरस्तरमा रहेका सार्वजनिक सडकहरुमा आवतजावतलाई सुरक्षित गर्ने र सवारी साधनको सुरक्षित र भरपर्दो व्यवस्थापनका लागि भीरकोट नगर कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम अधिकारको प्रयोग गरी बसपार्क संचालन सम्बन्धि कार्यविधि, २०७५ स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ।

भीरकोट नगरपालिका

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**(१) यो कार्यविधिको नाम "सवारी साधन राख्ने ठाउँ संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि भीरकोट नगर कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-**

क. "नगरपालिका" भन्नाले भीरकोट नगरपालिकालाई सम्झनु पर्दछ ।

ख. "कार्यालय" भन्नाले नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ग. "समिति" भन्नाले बसपार्क संचालनका लागि उप-प्रमुखको अध्यक्षतामा यस कार्यविधि बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

घ. "बसपार्क" भन्नाले भीरकोट नगरपालिकाले नगर क्षेत्र भित्र रहेका सवारी साधनहरुको पार्किङ्गका लागि नगरपालिकाले निर्माण गरेको वा तोकेको क्षेत्रलाई सम्झनु पर्दछ ।

ङ. "सवारी साधन" भन्नाले भीरकोट नगरपालिका भित्र रहेका दुई पाङ्ग्रे, चार पाङ्ग्रे, साना-ठुला यात्रु तथा मालबाहक सवारी साधनलाई सम्झनु पर्दछ ।

च. "कार्यपालिका" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठन हुने नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

छ. "नगर सभा" भन्नाले भीरकोट नगरपालिकाको सभा सम्झनु पर्दछ ।

ज. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

झ. "कार्यविधि" भन्नाले नगरपालिकाले स्वीकृत गरेको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ लाई सम्झनु पर्दछ ।

भीरकोट नगरपालिका

## परिच्छेद २

**३. बसपार्कको संचालन/व्यवस्थापनः** (१) भीरकोट नगरपालिकाले नगर क्षेत्र भित्र रहेका सवारी साधनहरुको व्यवस्थित पार्किङ्गका लागि जग्गा खरीद गरी बसपार्कको व्यवस्था मिलाउनु पर्दछ।

(२) उपदफा (१) बमोजिम बसपार्क व्यवस्थापनको लागि आवश्यक पर्ने जग्गा भाडामा लिई संचालन गर्ने सकिनेछ ।

**४. बसपार्क संचालन तथा व्यवस्थापन समितिः** (१) नगरपालिका नगर क्षेत्र भित्र रहेका सवारी साधनहरुको व्यवस्थित पार्किङ्गका लागि तोकेको बसपार्को संचालन तथा व्यवस्थापनका लागि नगर प्रमुखको संयोजकत्वमा देहाय बमोजिमको एक संचालक समिति रहनेछ ।

| | | |
|---|---|---|
| क. नगर प्रमुख | - | संयोजक |
| ख. नगर उप-प्रमुख | - | सदस्य |
| ग. वाणिज्य संघको अध्यक्ष | - | सदस्य |
| घ. यातायात व्यवसायीको प्रमुख | - | सदस्य |
| ङ. सम्बन्धित वडाको वडा अध्यक्ष | - | सदस्य |
| च. यातायात व्यवसायी मध्ये समितिले तोकेको १ जना | - | सदस्य |
| छ. नगरपालिकाले बोर्डको पूर्वाधार विकास समितिको अध्यक्ष | - | सदस्य |
| ज. नगरपालिका प्राविधिक शाखा प्रमुख | - | सदस्य |
| झ. बसपार्क क्षेत्रको टोल विकास संस्थाका अध्यक्ष | - | सदस्य |
| ञ. योजना शाखाको प्रमुख | - | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम गठन भएको बसपार्क संचालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. नगरपालिकाले सवारी साधन पार्किङ्गका लागि तोकेको बसपार्कलाई व्यवस्थित वनाउनका लागि आवश्यक नीति तथा योजना तर्जुमा गरी नगरपालिकामा पेश गर्ने ।

ख. नगरपालिका भित्र रहेका सम्पूर्ण सवारी साधनलाई वसपार्क भित्र पार्किङ्ग गर्ने व्यवस्था मिलाउने।

भीरकोट नगरपालिका

ग. नगरपालिका क्षेत्र भित्र एक वा एक भन्दा बढी स्थानमा बसपार्क व्यवस्थापनका लागि आवश्यक पर्ने जग्गाको व्यवस्था गरी नगर प्रमुख समक्ष पेश गर्ने ।

घ. बसपार्क व्यवस्थित संचालनका क्रममा आईपरेका र पर्ने समस्याहरुको समाधान गर्ने ।

ङ. बसपार्कको संचालन वा व्यवस्थापन समस्याको समाधना गर्न नसकेमा समाधानको उपयूक्त विकल्प सहित नगर प्रमुख समक्ष पेश गर्ने ।

च. बसपार्कको संचालन र व्यवस्थापनका लागि नगर सभा तथा नगर कार्यपलिकाको निर्णय तथा निर्देशन बमोजिम अन्य कार्यहरु गर्ने/गराउने ।

छ. उपदफा (१) बमोजिम गठित समितिको वैठकमा सम्बन्धित सरोकारवालालाई आमन्त्रण गरी छलफल गर्न सक्नेछ ।

## परिच्छेद - ३

## बसपार्कमा पार्किङ्ग गर्नुपर्नेः-

६. भीरकोट नगरपालिका भित्र रहेका र अन्यत्रबाट यस नगरपालिकाको बजार क्षेत्रमा आई बस्ने सवारी साधनहरु अनिवार्य रुपमा नगरपालिकाले तोकेको वसपार्कमा पार्किङ्ग गर्नुपर्नेछ।

७. उपदफा (६) बमोजिम बसपार्कमा पार्किङ्ग नगर्ने सवारी साधन र धनीलाई यस कार्यविधिको दफा १२ मा तोकिए बमोजिमको जरिवाना गरिनेछ ।

८. नगरपालिकाको बयरघारी बजार क्षेत्रबाट नगरका विभिन्न वडामा चल्ने सवारी साधनहरु छुट्ने तथा आगमन गर्ने समय तालिका तयार गरि सम्बन्धित सवैलाई जानकारी दिनुपर्नेछ।

९. उपदफा (८) बमोजिमको समयतालिका बनाउदा सम्बन्धित यातायात व्यवसायीहरुको सहमति र सल्लाह अनुसार तयार गरि लागू गरिनेछ ।

१०. उपदफा (९) बमोजिमको तालिका अनुसार सम्बन्धित सवारी साधनलाई बसपार्कबाट बाहिर जाने अनुमति दिईने छ ।

भीरकोट नगरपालिका

## परिच्छेद - ४

## शुल्क/दस्तुर सम्बन्धी व्यवस्थाः-

**११.** नगरपालिकाले बजार क्षेत्रमा रहेका सवारी साधनहरुको पार्किङ्गका लागि तोकिएको बसपार्कमा सवारी साधन पार्किङ्ग गर्दा नगर सभाले तोके बमोजिम देहायको शुल्क लिईनेछ।

क. स्क्याभेटर — प्रति घण्टा रु. ४०

ख. लोडर — प्रति घण्टा रु. ३०

ग. हेभी सवारी साधन — प्रति घण्टा रु. २०

घ. ट्रिप्पर/टयाक्टर — प्रति घण्टा रु. १५

ङ. हलुका सवारी साधन — प्रति घण्टा रु. १०

च. दुई पाङ्ग्रे सवारी साधन — प्रति घण्टा रु. ५

## परिच्छेद - ५

## दण्ड जरिवाना सम्बन्धी व्यवस्थाः-

**१२.सवारी साधन पार्किङ्ग गर्नका लागि नगरपालिकाले व्यवस्था गरेको वसपार्कमा सवारी साधन पार्किङ्ग नगरेमा वा यस कार्यविधिको उल्लङ्घन गरेमा देहाय बमोजिमको दण्ड जरिवाना गरिनेछ।**

क. नगरपालिका र सरकारका अन्य निकायबाट तोकिएको क्षेत्र बाहेक सार्वजनिक आवत जावतलाई असर पर्ने गरी पार्किङ्ग गर्ने हेभी सवारी साधनलाई पहिलो पटकको हकमा रु ५००/- र त्यस पश्चात प्रत्येक पटकको हकमा रु १०००/- जरिवाना गरिनेछ।

ख. नगरपालिका र सरकारका अन्य निकायबाट तोकिएको क्षेत्र बाहेक सार्वजनिक आवत जावतलाई असर पर्ने गरी पार्किङ्ग गर्ने हलुका सवारी साधनलाई पहिलो पटकको हकमा रु ३००/- र त्यस पश्चात प्रत्येक पटकको हकमा रु ६००/- जरिवाना गरिनेछ ।

ग. नगरपालिका र सरकारका अन्य निकायबाट तोकिएको क्षेत्र बाहेक सार्वजनिक आवत जावतलाई असर पर्ने गरी पार्किङ्ग गर्ने दुई पाङ्ग्रे सवारी साधनलाई पहिलो पटकको हकमा रु १००/- र त्यस पश्चात प्रत्येक पटकको हकमा रु २००/- जरिवाना गरिनेछ ।

## परिच्छेद - ६

## जनशक्ति व्यवस्थापन सम्बन्धी व्यवस्थाः

**१३.** नगरपालिकाले बसपार्कका लागि आवश्यक पर्ने नगर प्रहरी लगायतका जनशक्ति तत्कालका लागिसेवा करारका आधारमा लिईनेछ ।

**१४.** उपदफा (१३) बमोजिम सेवा करारमा लिईने कर्मचारीहरुको तलब भत्ता लगायतका सेवा सुविधाहरु सेवा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**१५.** उपदफा (१३) बमोजिम सेवा करारमा लिईने कर्मचारीहरुलाई प्रमुख प्रशासकिय अधिकृतले तोके बमोजिम आलोपालो रुपमा खटाईनेछ ।

## परिच्छेद - ७

## विविध

**१६. कार्यविधिमा संशोधनः** यस कार्यविधि कार्यान्वयनमा कुनै समस्या आएमा नगर कार्यपालिकाको निर्णयानुसार संशोधन गरिनेछ ।

**आज्ञाले**

**धर्म राज ढुंगाना**

**प्रमुख प्रशासकीय अधिकृत**

भीरकोट नगरपालिका